खार्पूनाथ गाउँपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र


खण्ड:९ संख्या: १ मिति: २०८३/२/२७

भाग: २


# खार्पूनाथ गाउँपालिकाको
# खर तथा माटोको छाना बिस्थापित कार्यन्वय कार्यविधि २०८३

. खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

# खर तथा माटोको छाना बिस्थापित कार्यन्वयन कार्यविधि २०८३

## प्रस्तावना-

खार्पूनाथ गाउँपालिका अधिकार क्षेत्रभित्र पर्ने **खर तथा माटोको छाना बिस्थापित** विषयसँग सम्बन्धित योजना कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको खर तथा माटोको छाना विस्थापित सम्बन्धी अध्ययन प्रतिवेदन तयार स्वीकृति प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले गाउँ कार्यपालिकाले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ-**

१ यस कार्यविधिको नामः खर तथा माटोको छाना विस्थापित कार्यन्वयन कार्यविधि २०८३ रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यालय भन्नाले खार्पूनाथ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ख. कार्यपालिका भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ।

ग. गाउँपालिका भन्नाले खार्पूनाथ गाउँपालिका सम्झनु पर्छ।

घ. लक्षित वर्ग भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनि रहेका खर तथा माटको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहीन भएका परिवार सम्झनुपछ।

ङ. खर तथा माटो छाना विस्थापित भन्नाले आगलागी तथा हावा पानी थेग्न सक्ने गरी निर्माण गरिएका माटो काठ ढुङ्गा वा ब्लक आदिको गारो भई जस्तापाता बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ।

## परिच्छेद - २
## लक्षित वर्गको पहिचान र छनौटका आधार

३. लक्षित वर्गको पहिचान लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछ।

क. लाभग्राही बसोबास गर्दै आएको घरको छाना खर तथा माटोको छाना यस्तै प्रकृतिका आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको।

ख. गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार।

ग. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली धारा वा अन्य

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

सुविधा शुल्क बुझाएको प्रमाण।

घ. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण।

ङ. प्रकोपका कारण घरवारबिहीन भएको हकमा गाउँपालिका विपद् व्यवस्थापन समितिको सिफारिस।

च. गरिवीको रेखामुनि रहेका लाभग्राहीको सम्बन्धमा वडाको सिफारिस।

४. लाभग्राहीको छनौटको आधार तथा विधि गाउँपालिकाको समन्वयमा लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल गारो आदिको आधारमा अनुसूचि-१ बमोजिम अंक प्रदान गरी प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी खर तथा माटोको छाना विस्थापित समन्वय समितिमा पेश गर्नुपर्ने छ।

५. लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, विपन्न परिवार, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिइनेछ। त्यसैगरी प्रकोपका कारण घरवारविहीन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिईनेछ।

६. बढी अंक प्राप्त गर्नेलाई खर तथा माटोको छाना विस्थापित समन्वय समितिले क्रमैसँग लाभग्राहीको रुपमा छनौट गर्नेछ।

७. लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र निर्माण सामाग्री पाउने गरी छनौट गर्नुपर्नेछ।

## परिच्छेद - ३
## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

**५. कार्यक्रम सम्झौता :**

क खार्पूनाथ गाउँपालिकाले ५ वटै वडामा अनुसूची-४ बमोजिमको निवेदन संकलन हुनेगरी सार्वजनिक सूचना जारी गर्नेछ।

ख. कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने कर्कट जस्तापाता, खार्पूनाथ गाउँपालिकाले लागत अनुमान तयार गरी एकमुष्ट खरिद गर्नेछ।

ग. छनौट भएका लाभग्राहीले आवश्यक संरचना तयार गरेपछि कर्कट जस्तापाता, गाउँपालिकामा सम्झौता पश्चात उपलब्ध गराइनेछ।

घ. अनुदान उपलब्ध गराउँदा सम्झौता गरि सके पछि लाभग्राहिले छाना लगाउने अवस्था रहेको अनुसुची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा मात्र सामाग्री उपलब्ध गराइनेछ।

ङ. लाभग्राही आफै निर्माण सामाग्री ढुवानी गर्न नसक्ने अवस्थामा वडाको कुनै एक पायक पर्ने स्थानमा गाउँपालिकाले ढुवानी गर्न सक्नेछ।

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

**६. असुल उपर गराइने-**

कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान सामाग्री लिएमा सम्झौतामा उलेखित जरिवाना सहित गाउँपालिकाले असुल उपर गर्नेछ।

**७. निर्माण सम्पन्न भएको मानिने-** स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

## परिच्छेद-४

## कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

८. गाउँपालिकाको काम कर्तव्य र अधिकार यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. गाउँपालिका खर तथा माटोको छाना विस्थापित समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने

ख. कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याहरु समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लगि पेश गर्ने।

ग. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने।

घ. कार्यकम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने।

९. खर तथा माटोको छाना विस्थापित समन्वय समितिको काम कर्तव्य र अधिकार खर तथा माटोको छाना विस्थापित समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क. लाभग्राहीहरुको गुनासोहरुको व्यवस्थापन गर्ने।

ख. कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने।

ग. कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने।

घ. स्थलगत अध्ययन गरी कार्यक्रम कार्यान्वयनको प्रगति विवरण कार्यपालिकामा पेश गर्ने।

ङ. आवश्यक बजेटको खाका तयार पारी गाउँ कार्यपालिकामा पेश गर्ने ।

च. लाभग्राहीको विवरण माग गर्न वडामा जानकारी गराउने।

छ. कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समिति मार्फत कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाले गरेको निर्णयलाई नै अन्तिम मानिनेछ।

१०. खर तथा माटोको छाना विस्थापित कार्यक्रमको समिति गठन सम्बन्धी प्रक्रिया-

खार्पूनाथ गाउँपालिका खर तथा माटोको छाना विस्थापित कार्यबिधि २०८३ को कार्यक्रम कार्यान्वयनको लागि खार्पूनाथ गाउँपालिका स्तरमा देहाय बमोजिमको एक खरको छाना विस्थापित समन्वय समिति रहनेछ -

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

छार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङ्चुबजार, छार्पुनाथ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

क. गाउँपालिका अध्यक्ष- संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. गाउँपालिका प्र.प्र.अ .- सदस्य

घ. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

ङ. प्राविधिक शाखा प्रमुख- सदस्य

च. सम्वन्धित वडाको वडा अध्यक्ष- सदस्य

छ. गाउँपालिका योजना शाखा- सदस्य सचिव

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(दफा ४ लाभग्राहीहरुको छनौटका आधारहरु )

| क्र.स | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, वर्गफिटमा | १२० भन्दा कम लाई १०<br>१५० देखी ३०० सम्मको लाई ५ | |
| २ | घरको गारो | ० | |
| ३ | घरको छानो | खरको भए १०<br>माटोको भए ५ | |
| ४ | जग्गाको स्वामित्व | | |
| ५ | घरमुलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा,अपाङ्ग, अनाथ बालबालिका, एकल महिला दलित, लोपउन्मुख, सिमान्कृत, अल्पसख्यक जस्ता घरमूली लाभग्राही भएका १०<br>अन्य ५ | |
| ६ | गरिविको अवस्था | गरिबीको रेखामुनी रहि आफैले सुरक्षित आवास निर्माण गरिरहेको-५<br>गरिबीको रेखामुनी नरहेको-0 | |

नोट: (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिने छैन।

(२) प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारलाई पहिलो प्राथमिकतामा राखिनेछ।

३) कर्णाली प्रदेशवाट लाभग्राहिमा समावेश भई आवास निर्माण गरेको र जनता आवासको घर निर्माण भएकालाई यस कार्यक्रममा समावेस गरिने छैन।

. खडक बहादुर परियार

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

(दफा ५ संग सम्बन्धित)

**खरको छाना विस्थापितको लागि लाभग्राहीसग गरिने अनुदान**

सम्झौता पत्र (छाना छाउने।

| | |
|---|---|
| सर्वेक्षण धरधनी क्रमसंख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

खर तथा माटोको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी लागि ...... जिल्ला .......... गा.पा. वडा नं ..... गाउँ/टोलको लाभग्राही श्री ...................यसपछि प्रथम पक्षभनिने र खार्पूनाथ गाउँ कार्यपालिकाको कार्यालय ( यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम सुरक्षित छाना निर्माण गर्न गराउन मिति ...... साल ...... महिना ..गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं। .......... बस्ने श्री .....................नाति/नातिनी/बुहारी श्री............... को छोरा/छोरी/श्रीमती वर्ष ...प्रथम पक्ष(लाभग्राही) ले मञ्जुर गरेका

**शर्तहरू:**

१. मेरो घर खर तथा मकाटोको छाना रहेको ठीक साँचो हो। मैले मेरो घर पराल तथा खरको छाना रहेकोले खर तथा माटो छाना विस्थापित कार्यविधि २०८२ एवं सम्झौता पत्रमा उल्लेखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकमी, प्लम्बर, इलेक्ट्रिसियन र अनय निमार्ण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ।

३. मैले प्राप्त गर्ने खर तथा माटोको छाना विस्थापित अनुदान सामाग्री घरको छानाका लागि मात्र खर्च गर्नेछ

४. मैले काठ लगायतको निर्माण सामग्री निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि मात्र कर्कट जस्तापाता, माग गर्नेछु।

५. सामाग्री लगेको १५ दिन भित्र छाना लगाई सक्नेछु।

६. मेरो आफ्नो र संगोलका परिवारको सो भन्दा अन्यत्र घर नरहेको र कहि कतै घर भएको प्रमाणीत भएमा आफुले पाएको अनुदानको मुल्याड्डन को थप २५% समेत जरिवाना तिर्न मजजुर रहेको छु।

७. प्राविधिक लागत अनुदान गरेको वा निवेदनमा उल्लेख गरेको भन्दा अन्यत्र अनुदान वापत प्राप्त सामाग्री प्रयोग गरेमा थप २५% समेत जरिवाना सहित तिर्नेछु।

८. माथि उल्लेखित व्यहोरा ठिक सांचो हो। झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

दोस्रो पक्ष खार्पूनाथ गाउँपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु ................ प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण सामाग्री उपलब्ध गराइनेछ।

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

| प्रथम पक्ष (लाभग्राही) |
|---|
| (क) लाभग्राहीको व्यक्तिगत विवरण |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा)<br>लाभग्राहीको नाम, थर (नेपालीमा) |
| नागरिकतामा उल्लेखित ठेगाना<br>जिल्ला .......... गा.पा .....वडा नं...ना.प्र.प.नं.......................जारी जिल्ला<br><br>जन्म मिति.........................................सम्पर्क नं.<br>स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएगा<br>(बसाईसराईको विवरण उल्लेख गर्ने)<br>बसाई सराई प्रमाण पत्र नं ....<br>बसाई सराई मिति. |

लाभग्राहीको फोटो

| |
|---|
| |

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण (लाभग्राही उपस्थित हुन नसकेको अवस्थामानिजको प्रतिनिधि)

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण (लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

| स्थायी ठेगाना |
|---|
| जिल्ला.................................................गा.पा..................................... |
| वडा नं.................................................गाउँ/टोल................................... |
| ना.प्र.नं................................................जारी जिल्ला.................................... |
| जारी मिति........................................ .. जन्म मिति..................................... |
| बाजेको नाम, थर. |
| बावुको नाम, थर. |
| लाभग्राहीसंगको नाता. |
| सम्पर्क नं. |

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठाको छाप

| दाँया | वाँया |
| --- | --- |
| | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर ..
मितिः

(ग) घर निर्माण हुने जग्गाको विवरण
कित्ता न ....
क्षेत्रफल..................... वर्गमिटर.
ठेगाना: जिल्ला................. गा.वि.स..................

(घ) इच्छाइएको व्यक्तिको नाम, थर.
लाभग्राहीसंगको नाता.
(ङ) साक्षीको नाम, थर ..
हस्ताक्षर.

**दोस्रो पक्ष.**

गाउँ कार्यपालिकाको कार्यालय
कार्यालयको छापः
कार्यालयको नाम, ठेगानाः
अधिकार प्राप्त कर्मचारीको नामः
पदः
हस्ताक्षरः
मितिः

**आवश्यक कागजातहरु-**

१ लाभग्राहीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
२ जग्गाधनीको दर्ता प्रमाण पूर्जाको प्रतिलिपी।
३ लाभग्राहीको पासपोर्ट साइजको फोटो।
४ मालपोत तिरेको रसिदको प्रतिलिपी।

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङ्चुबजार, खार्पुनाथ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

अनुसूची ३

**प्राविधिक प्रतिवेदन**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू**
**खार्पूनाथ गाउँपालिकाको कार्यालय ।**

**विषयः प्राविधिक प्रतिवेदन पेश गरेको बारे।**

उपरोक्त सम्बन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पशे गरेको छ।

लाभग्राहीको नाम:.......................................

लाभग्राहीको क्रमसख्याः...............................

लाभग्राहीको सम्झौताको क्रमसंख्या.............................

हालको अवस्थाः.....................................

सामान साइटमा उपलब्ध भएको छाना लगाउने बाहेक अन्य कार्य सम्पन्न भएको

सिफारिसः संलग्न फोटो वमोजिम कार्य भएकोले अनुदान सामाग्री उपलब्ध गराउन सिफारिस गर्दछु।

नोट: प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग सलग्न गर्ने ।

**प्रतिवेदकको**:

दस्तखतः ...

नाम,थर :..

पदः

मितिः

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**अनुदान सामाग्री मागका लागि स्थानीय तहमा दिने निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
खार्पूनाथ गाउँपालिका। मिति :-

महोदय,

खर तथा माटको छानामुक्त खार्पूनाथ गाउँपालिका खर तथा माटोको छाना विस्थापित कार्यान्वयन कार्यविधि २०८३ को दफा ५ को उपदफा(१) बमोजिम मैले जस्ताको छाना छाउने कार्यको लागि संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु। साथै मैले यस भन्दा अघि सोही कार्य लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै अनुदान लिएको छैन। झुट्टा ठहरिए प्रचलित कानून बमोजिम कारवाही भएमा मेरो मंजुरी छ।

१. नाम, थर :..

२. लिङ्ग: (क) पुरुष (ख) महिला (ग) अन्य

३. पारिवारिक विवरण:

(अ) वर्ग/समूहः (तपाई आफूलाई कुन वर्ग/समूहमा राख रुचाउनु हुन्छ? छान्नुहोस)

| आदिवासी | दलित | वैश्य | व्राहाण | क्षेत्री | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(आ) अल्पसंख्यक समूदाय : हो/ होईन

(इ) लोपोन्मुख जनजाती : हो/होईन

(ई) सीमान्तकृत वर्ग : हो/होईन (यदि हो भने, अतिसीमान्तकृत वर्ग : हो/होईन

(उ) परिवारको संख्याः जम्माः ........ जना महिला :..... जना पुरुषः ....... जना

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ/छैन (यदि छ भने उल्लेख गर्नुहोस्)

१. नाम ... ................उमेर...............अशक्तताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

२. नाम ....................उमेर.............अशक्तताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

(ए) निवेदक ज्येष्ठ नागरिक अपांगता भएको व्यक्ति अशक्त वा असहाय पिछडिएका महिला दलित आदिवासी जनजाति उत्पिडित वर्ग पिछडा वर्ग पिछडिएका क्षेत्र र आर्थिक रुपले विपन्न उल्लेख गर्ने।

४. स्थायी ठेगाना: प्रदेश .... जिल्ला ......... न.पा./गा.पा ..... वडा नं .........

५. अस्थायी ठेगाना: प्रदेश... जिल्ला. न.पा./गा.पा ............ वडा नं ........

६. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोवाइल नं/इमेल.

७. खर तथा माटोको छानाको घर निर्माण भएको वर्षः

क) खर तथा माटब्को छाना विस्थापन गर्न अनुमानित आवश्यक विवरण

१) .................

२) ...........

३)...........

८. संलग्न कागजात

(क) लाभग्राहीको नागरिकताको प्रतिलिपि ।

(ख) आफ्नो नाउँको जग्गामा घर भएको लालपूर्जाको प्रतिलिपि।

(ग) चालु आ.व. तिरो तिरेको रसिदको प्रतिलिपि।

(घ) आफ्नो नाममा जग्गा धनिपुर्जा नभएमा एकाघरका जग्गाधनी सँगको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

(सम्बन्धित वडा कार्यालयको) ।

ड) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

९. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदन दिने लाभग्राही वा घरधुरी व्यक्तिको**

नाम :-

हस्ताक्षर :-

मिति :-

मोबाइल नं.

राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८३ साल जेष्ठ महिना २७ रोज शुभम् ।

**आज्ञाले**

खडक वहादुर परियार

प्रमुख प्रशासकीय अधिकृत

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत